IslamHouse.com

# सर्वसाधारण मुस्लिमहरूको लागि आवश्यक पाठहरू


## लेखक

शैख अब्दुल अजीज बिन बाज

## अनुवादक

अतीकुर्रहमान मु.इदरीस खान मक्की

## संशोधन

मुहम्मद इदरीस सलफी

IslamHouse.com

# الدروس المهمة لعامة الأمة

للعلامة الشيخ

عبد العزيز بن باز رحمه الله

ترجمة

عتيق الرحمن محمد إدريس خان مكي

مراجعة

محمد إدريس سلفي

بسم الله الرحمن الرحيم

**सर्वाधिकार अनुवादकमा सुरक्षित छ ।**

To connect Translator: 0501372254
للتواصل مع المترجم: 0501372254
अनुवादकसित सम्पर्क गर्ने नं. ०५०१३७२२५४
प्रथम प्रकाशन साल सन् २०१३ ई. सं.
निःशुल्क वितरणको लागि मात्र

## पुस्तक पाइने ठेगाना -:

- इस्लामिक गाइडेन्स सेन्टर कपिलवस्तु नगरपालिका व.नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)

सम्पर्क नं. ००९७७९८१४४९९१४०

सउदी नं. 00966-0501372254

- इस्लामिक गाइडेन्स सेन्टर रबवा अल् रियाज सउदी अरबीया

# प्रस्तावना

बिस्मिल्लाहिर्रहमानिर्रहीम

समस्त प्रकारका प्रशंसाहरू अल्लाहकै लागि छन् जसले यस संसारलाई उत्पन्न गर्‍यो, र यसमा बसोबास गर्नुको लागि नानाथरीका प्राणीहरूलाई अविष्कृत गर्‍यो, र जसले हाम्रो हृदयलाई आफ्नो सत्मार्गतर्फ लगाइदियो, र आफ्नो श्रद्धा एवं प्रेम र आदरबाट परिपूर्ण गरिदयो । र म गवाही दिन्छु कि त्यस अल्लाह बाहेक कोही सत्य पूज्य छैन, त्यो एक्लै छ, त्यसको कोही सहभागी छैन । र म गवाही दिन्छु कि मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका भक्त एवं सन्देष्टा र मित्र हुनुको साथै मनोनीत दूत हुन् । तसर्थ अल्लाहको अत्याधिक शान्ति र दया अवतरित होस् मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि, र उहाँका घरपरिवार र समस्त साथीहरूमाथि र ती सबैहरूमाथि जुन प्रलयसम्म उहाँको पद्धतिमा हिंड्ने छन् ।

प्रस्तुत पुस्तिकामा शैख अब्दुल अजीज बिन बाज रहेमहुल्लाहले इस्लाम सम्बन्धी सामान्य

ज्ञानलाई प्रत्येक मुसलमान सामु प्रस्तुत गर्न खोजेका छन् जुन ज्ञान समस्त मुसलमानहरूको लागि अति आवश्यक छ । र जसको जानकारी प्रत्येक मुसलमानको लागि जरुरी छ। मैले लेखकको कुरोलाई साधारण तरिकाले नेपाली भाषामा अनुवाद गर्ने प्रयास गरेको छु साथै आवश्यक परेमा कुरोलाई संक्षेपमा वर्णन गर्ने प्रयास गरेको छु। र अवश्यकता आएमा कुरोलाई विस्तारले पनि बुझाउने प्रयत्न गरेको छु । यदि अनुवादमा कुनै कमी कम्जोरी छ भने त्यो मेरोतर्फबाट हो, र यदि अनुवाद सही छ भने त्यो अल्लाहको कृपाको प्रतीक हो । मेरो अल्लाहसित प्रार्थना छ कि अल्लाह आफ्नो दयाले मलाई मेरो लक्ष्यमा सफल पारुन्, साथै पाठकवर्गसित पनि सादर अनुरोध गर्दछु कि यस अनुवादमा कुनै त्रुटि भेटिएमा निम्नको ठेगानामा त्यस त्रुटितर्फ हाम्रो ध्यानाकर्षण गराइदिएमा तपाईको आभारी हुनेछु ।

र मलाई आशा छ कि मेरो यो सानो प्रयासबाट जनसमुदायलाई लाभ पुग्नेछ र अल्लाह मेरो यस सानो प्रयासद्वारा हाम्रो समाजलाई कुमार्गबाट निकालेर सुमार्गमा लगाउनेछ । अल्लाहसित विन्ती छ कि अल्लाह मेरो यस प्रयासलाई कबूल गरी

मलाई र मेरो घरपरिवारका समस्त सदस्यहरूलाई स्वर्ग प्रदान गरुन्, र मेरो स्वर्गीय आमा र बाजेलाई क्षमादान दिई स्वर्गमा उच्च स्थान प्रदान गरुन् । ( आमीन)


**अनुवादक**

**अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की**

**कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा तौलिहवा कपिलवस्तु (नेपाल)**

email- atiqkhannp1982@yahoo.com

**सम्पर्क नं. ००९७७९८१४४९९१४०**

**सउदी मो. न. ००९६६५०१३७२२५४**

## पाठ - १

सूरतुल् फातिहा, र सूरतुल् जिलजालदेखि सुरतुन्नाससम्म जति पनि हुन सकोस् साना साना सूरतहरूलाई पढ्नु बुझ्नु र कंठ गर्नु र त्यसको व्याख्या गर्नु, र त्यसलाई बुझ्नु आवश्यक छ । [1]

## पाठ - २

लाइलाहा इल्लल्लाह र मुहम्मदुर्रसूलुल्लाहको अर्थ एवं त्यसको शर्तहरूको व्याख्यासाथ गवाही (साक्ष्य) दिनु । [2]

यसको अर्थ यो हो कि व्यक्ति अल्लाह बाहेक ती सबै पूज्य अराध्यहरूलाई अस्वीकार्य गरोस् जसको

---

[1] पवित्र कुरआनमा जम्मा ११४ सूरतहरू छन् त्यसमध्ये पहिलो सूरतुल् फतिहा र अनितम सूरतुन्नास हो ।

[2] यो गवाही दिनु कि अल्लाह बाहेक कुनै सत्य पूज्य छैन, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् ।

पूजा आराधना गरिदैछ, र सत्य पूज्य उपास्य मात्र अल्लाहलाई नै मानोस् जसको कुनै साझीदार र समकक्षी छैन ।

## लाइलाहा इल्लल्लाहका शर्तहरू

१- यस्तो ज्ञान हुनु जुन मूर्खता अनभिज्ञताको विरुद्ध होस् ।

२- यस्तो विश्वास हुनु जुन संदेहको विरुद्ध होस् ।

३- नि:स्वार्थता (निष्कपटता) जुन बहुदेववाद (शिर्क) को विरुद्ध होस् ।

४- सत्यता जुन झूठको विरुद्ध होस् ।

५- प्रेम जुन अपेक्षाको विरुद्ध होस् ।

६- अज्ञापालन जुन अवज्ञा विरुद्ध होस् ।

७- स्वीकृति जुन अस्वीकृतिको विरुद्ध होस् ।

८- इन्कार अर्थात ती सबै पूज्यहरूलाई नकार्नु जसको अल्लाह बाहेक पूजा आराधना गरिन्छ ।

# पाठ - ३

## ईमानका (आस्थाका) स्तम्भहरू

१- अल्लाहमाथि आस्था राख्नु ।

२- उसका अर्थात अल्लाहका फरिश्ताहरू (स्वर्गदूतहरू) माथि आस्था राख्नु ।

३- उसले अवतरित गरेका ग्रन्थहरूमाथि आस्था राख्नु ।

४- उसका समस्त सन्देष्टाहरूमाथि आस्था राख्नु ।

५- महाप्रलयको दिनमाथि आस्था राख्नु ।

६- भाग्यमाथि आस्था राख्नु । र यो आस्था राख्नु कि भाग्यमा भएको राम्रो नराम्रो सबै कुराहरू अल्लाहकै तर्फबाट हुन् ।

# पाठ - ४

## तौहीद (एकेश्वरवाद) का तीन किसिमहरू छन् :

१- **तौहीदे रुबूबियतः** ( अल्लाहलाई त्यसका समस्त कार्यहरूमा एकलो मान्नु ) □

२- **तौहीदे उलूहियतः** ( पूजाको एकेश्वरवाद ) □

३- **तौहीदुल् अस्मा वस्सिफातः** (अल्लाहका नामहरू र त्यसका गुणहरूको एकेश्वरवाद) □

---

□ तौहीदे रुबूबियतको अर्थ हो मात्र अल्लाहलाई नै सम्पूर्ण विश्वको रचयता मान्नु र यो मान्नु कि त्यही नै सबैको पालनकर्ता हो ।

□ मात्र अल्लाहलाई पूजा योग्य मान्नुलाई तौहीदे उलूहियत भनिन्छ ।

□ यो आस्था राख्नु कि अल्लाह आफ्ना नामहरू र विशेषताहरूमा सृष्टिभन्दा भिन्न छ त्यसका नाम र विशेषता झैं कसैको नाम र विशेषता छैन त यसैलाई तौहीदे अस्मा वस्सिफात भनिन्छ ।
( यसकुरालाई यसरी बुझ्नुस कि केही सृष्टिहरूको नाम वा विशेषता बलवान होस् तर त्यसको बल र शक्ति अल्लाह जस्तो हुनै सक्दैन किनकि एक मान्छेको शक्ति आर्को मान्छेबाट भिन्न हुन्छ भने सृष्टि र स्रष्टाबीच समानता कहाँ हुनसक्छ चाहे जुनसुकै कुरामा किन नहोस् । मान्छे शक्ति राख्छ र अल्लाहको पनि शक्ति छ तर मान्छे सबै कुरामा शक्तिमान छैन जबकि अल्लाह समस्त कुराहरूमाथि शक्तिमान छ, तसर्थ दुवै शक्तिहरू बीच समानता कहाँ छ बरु दुवैका शक्तिहरू भिन्न छन् मात्र नाम एकनास छन् । र दोस्रो कुरो के छ भने अल्लाहको नाम रहमान छ भने यो अल्लाहको कृपा र दयालाई दर्शाउँछ, तर मान्छेको नाम करीम हुन्छ र त्यसको विशेषता नाम विपरीत हुन्छ त्यो महा कंजूस हुन्छ तसर्थ दुवैको नाम र विशेषतामा कति भिन्नता छ तपाईलाई थाहा भइहाल्यो होला । त यसै भिन्नतालाई बुझेर त्यसैमा विश्वास राख्नुलाई नै तौहीदुल् अस्मा वस्सिफात भनिन्छ । ( अनुवादक)

## शिर्क (बहुदेववाद) पनि तीन थरिका छन् :

१- शिर्के अकबर ( ठूलो शिर्क )

२- शिर्के अस्‌गर ( सानो शिर्क )

३- शिर्के खफी ( लुकेको शिर्क )

१ **शिर्के अकबर :** यो शिर्क सत्कर्मलाई नष्ट गरिदिन्छ र शिर्के अकबर गर्नेवाला मान्छे सदैंवको लागि नर्कमा हालिन्छ । अल्लाहको भनाई छ :

अर्थ : र यदि तिनीहरूले अल्लाहसँग अरुको साझेदारी ठहराउने भए, तिनीहरूको सबै कर्महरू बर्बाद भएर जाने थियो । (सूरतुल् अन्आम ८८)

र आर्को ठाउँमा अल्लाहको भनाई छ :

अर्थ : यो उचित छैन कि मुश्रिकहरूले अल्लाहका मस्जिदहरूलाई आबाद गरुन् किनभने उनीहरू स्वयं आफ्नै बिरुद्ध कुफ्रको साक्षी भइराखेका छन्, उनीहरूका सबै कर्म बर्बाद र निरर्थक छन् । र उनीहरू स्थाइरूपमा नर्कबासी हुन् । (सूरतुत्तौबा १७)

र फेरि जुन व्यक्ति शिर्क गरिरहेको अवस्थामा मर्छ भने अल्लाह उसलाई क्षमा गर्दैनन् र स्वर्गमा उसको प्रवेश वर्जित गरिदिन्छन् । अल्लाहको फर्मान छ :

अर्थ : निःसन्देह अल्लाह आफ्नो साझेदार बनाउनेलाई क्षमा गर्नेछैन र त्यस बाहेक अन्य जसलाई चाहन्छ माफ गरिदिन्छ र जसले ऊसँग कसैको साझेदारी ठहराउँछ, त्यसले जघन्य अपराध गर्दछ । (सूरतुन्निसा ४८)

र अल्लाहको भनाई छ :

अर्थ : निःसन्देह जसले अल्लाहसँग साझेदार ठहराउँछ, अल्लाहले उसको लागि स्वर्गमा प्रवेश हराम (निषेध) गरिदिएको छ र उसको बासस्थान नर्क हुनेछ । र पापीहरूको कोही पनि सहयोगी हुनेछैन । (सूरतुल् माइदः ७२)

मृतक र मूर्तिहरूलाई पुकार्नु र उनीहरूसित सहयोग सहायता माँग्नु, र उनीको लागि जनावर बलि गर्नु शिर्क हो ।

२- **शिर्के असग्र :** (सानो शिर्क) यो त्यो शिर्क हो जसलाई कुरआन र हदीसमा शिर्कको नामले सम्बोधित गरिएको छ तर यो शिर्के अकबरको भाग होइन, बरु त्यसभन्दा भिन्न हुन्छ । उदाहरणस्वरूप हेर्नुस् यदि कुनै कार्यलाई देखाउनको लागि अथवा ख्याति प्राप्तिको लागि गरिन्छ ,वा अल्लाहलाई छाडि कसै आर्काको नामलिई शपथ खानु वा यो भन्नु कि जुन अल्लाह र तपाई जाहनुहुन्छ त्यही हुन्छ ... आदि त यसैलाई शिर्के असग्र भनिन्छ । रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः “ तिमीहरूमाथि जुन कुराबाट म सबैभन्दा अधिक डराउँछु त्यो शिर्के असग्र हो, त उहाँका साथीहरूले सोधेः हे अल्लाहका रसूल सल्लल्लाहो अलैहे वसल्लम यो शिर्के असग्र के हो ? त उहाँले भन्नु भयोः दिखावा (आडम्बर) ” ।

र इमाम अहमद र तब्रानी एवं बैहकीले महमूद बिन लबीद अन्सारी रजिअल्लाहो अन्होसित विशिष्ट सुत्रको माध्यमबाट वर्णन गर्नुहुन्छ, र रसूल सल्लल्लाहो अलैहे वसल्लमले पनि भन्नु भएको छ : “ जसले अल्लाह बाहेक कसै अरुको सौगन्ध खायो

उसले शिर्क गऱ्यो " । यस हदीसलाई हजरत उमर बिन खत्ताब रजिअल्लाहो अन्होले सही सूत्रद्वारा वर्णन गर्नु भएको छ । र यस्तै अबू दाऊद र तिर्मिजीले पनि यस हदीसलाई अब्दुल्लाह बिन उमरबाट उचित सूत्रद्वारा वर्णन गरेका छन् ।

र अल्लाहको रसूलको आर्को ठाउँमा भनाई छ :

अर्थ : जस व्यक्तिले पनि अल्लाह बाहेक कुनै आर्को कुराको शपथ खान्छ भने त्यो व्यक्ति कुफ्र गर्छ ( अल्लाहको इन्कार गर्छ) अथवा शिर्क गर्छ ।

र एउटा हदीसमा यस प्रकार पनि वर्णन छः

अर्थः रसूल सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयोः तिमी यसो नभन कि जुन अल्लाह र फलाना चाहोस् बरु यस प्रकार भन कि जुन अल्लाह चाहोस् फेरि फलाना चाहोस् । (यस हदीसलाई अबू दाऊदले सही सनद (सूत्र) द्वारा वर्णन गर्नु भएको छ ।)

शिर्कको यो थरी अर्थात शिर्के अस्गर पूर्णरूपले अनास्थावान हुनु वा सदैंवको लागि नर्कीय हुनुलाई

बोध गर्दैन, तर यो एकेश्वरवादको विरोधी अवश्य छ ।

३- **शिर्के खफी** (गुप्त शिर्क) : यस विषयमा रसूल सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छ :

अर्थ : के म तिमीहरूलाई त्यो कुरो नबताऊँ जुन तिमीहरूमाथि दज्जालभन्दा भयंकर छ ? त त्यहाँ उपस्थित भएकाहरूले भने: अवश्य बताउनुस् हे अल्लाहको रसूल, अनि हजुर सल्लल्लाहो अलैहे वसल्लमले भन्नु भयो: त्यो गुप्त शिर्क हो, मान्छे नमाजको लागि उभ्छ अनि कसै व्यक्तिको दृष्टि आफूतर्फ छ यो थाहा भएपछि त्यो आफ्नो नमाजलाई अति सुन्दर बनाई पढ्छ । (यस हदीसलाई इमाम अहमदले आफ्नो मुस्नद अहमदमा हजरत अबू सईद खुदरी रजिअल्लाहो अन्होको माधयमले वर्णन गर्नु भएको छ ।)

र शिर्कलाई मात्र दुई भागमा पनि विभाजित गर्न सकिन्छ :

१- **ठूलो शिर्क** ।

२- **सानो शिर्क** ।

र गुप्त शिर्क यिनै दुवैमा शम्मिलित छ जसरी कपटीहरूको शिर्क, शिर्के अकबरको सीमामा आउँछ । किनकि कपटीहरू केवल आफ्नो ज्यानको भयले इस्लाम कबूल गरेर आफूलाई मुस्लिम दर्शाउँथे । र दिखावा (आडम्बर) शिर्के असग्‌रको सीमामा आउँछ जसरी कि हामीले हदीसद्वारा स्पष्ट गरें ।

र अल्लाह नै सुअवसर दिनेवाला सर्वशक्ति सम्पन्न छ ।

# पाठ ५

## इस्लामका स्तम्भहरू (आधारहरू)

१- यस कुराको साक्ष्य बस्नु कि अल्लाह बाहेक कोही सत्य पूज्य छैन र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम अल्लाहका सन्देष्टा हुन् ।

२- नमाज कायम गर्नु ।

३- धर्मदाय दिनु ।

४- रमजानको व्रत बस्नु ।

५- अल्लाहको घरको यात्रा गर्नु यदि आर्थिक र शारीरिक क्षमता छ भने ।

# पाठ ६

## नमाजका शर्तहरू

१- इस्लाम ( मुसलमान हुनु ) ।

२- बुद्धि हुनु ।

३- तमीज हुनु ( राम्रो नराम्रोको ज्ञानी हुनु ) ।

४- समस्त फेहोरबाट पवित्र हुनु ।

५- पवित्रता

६- गुप्ताङ्गहरूलाई ढाँक्नु ।

७- नमाजको समय हुनु ।

८- अल्लाहको घर कअ्बातर्फ अनुहार गर्नु ।

९- नीयत गर्नु (संकल्प गर्नु )

# पाठ ७

## नमाजका आधारहरू (कृत्यहरू)

१- शक्ति छ भने उभ्नु ।

२- तक्बीरे तह्रीमा भन्नु (नमाजको आरम्भको तक्बीर) ।

३- सूरतुल् फातिहाको पाठन गर्नु ।

४- रुकूअ् गर्नु । (नमाजमा शीशलाई कम्मरको बराबरसम्म झुक्याउनुलाई रुकूअ् भनिन्छ)

५- रुकूअ् पश्चात सोझो उभिनु ।

६- सातवटै अङ्गहरूद्वारा ढोग गर्नु । ( नमाजमा आफ्नो निधारलाई धरतीमाथि टेक्नुलाई ढोग र सजिदा भनिन्छ )

७- ढोगबाट उठ्नु ।

८- दुवै ढोगको बीचमा बस्नु ।

९- नमाजका सम्पूर्ण क्रियाहरूलाई श्रद्धा शान्ति र धैर्यले गर्नु ।

१०- सम्पूर्ण कार्यहरूलाई क्रमबद्ध तरिकाले गर्नु ।

११- अन्तिम बैठकमा अत्तहियात पढ्नु । ( अत्तहियात एउटा दुआको आरम्भिक शब्द हो जुन नमाजमा पढिन्छ र यस दुआलाई अगाडि वर्णन गरिन्छ ।

१२- तशहहुदको लागि बस्नु ।

१३- दरूद पढ्नु ।

१४- दुवैतर्फ सलाम फेर्नु ।

# पाठ ८

## नमाजका अनिवार्य कार्यहरू

१- पहिलो तक्बीर बाहेक सबै तक्बीरहरू ।

२- इमाम र एक्लै नमाज पढनेले समिअल्लाहु लिमन् हमेदह् भन्नु ।

३- रुकूअ् पश्चात रब्बना वलकल् हम्द भन्नु ।

४- रुकूअ्मा सुब्हान रब्बियल् अजीम एक पटक भन्नु ।

५- ढोगमा सुब्हान रब्बियल् अअ्ला एक पटक भन्नु ।

६- दुवै ढोगको बीचको दुआ रब्बिग् फिरली.. पढ्नु ।

७- पहिलो तशह्हुदको बैठकमा अत्तहियात... पढ्नु ।

८- पहिलो तशह्हुदको लागि बस्नु ।

# पाठ ९

## तशह्हुदको वर्णन

अत्तहियातु लिल्लाहि वस्सलवातु वत्तैयिबातु अस्सलामु अलैका अइयुहन्नबीयु वरहमतुल्लाहि वबरकातुहु, अस्सलामु अलैना वअला इबादिल्लाहिस्सालिहीन, अश्हदु अल्लाइलाहा इल्लल्लाहु वअशहदु अन्ना मुहम्मदन् अब्दुहु वरसूलुहु ।

अर्थ : हे अल्लाह ! मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र मुहम्मदका घरपरिवार र सन्ततिमाथि शान्ति अवतरित गर, जसरी इब्राहीम र इब्राहीमका घरपरिवार र सन्ततिमाथि शान्ति अवतरण गरेका थियौ, निःसन्देह तिमी प्रशंसनीय एवं सम्मानित छौं, र मुहम्मद सल्लल्लाहो अलैहे वसल्लम र मुहम्मदका घरपरिवार र सन्ततिमाथि विभुति अवतरित गर जसरी इब्राहीम र इब्राहीमका घरपरिवार र सन्ततिमाथि अवतरित गरेका थियौ, निःसन्देह तिमी प्रशंसनीय एवं सम्मानित छौ ।

अनि अन्तिम बैठकमा तशह्हुदमा नर्क र चिहानको कष्टबाट, जीवन र मृत्युको कष्टबाट, र दज्जालको आपत्ति उत्पातबाट अल्लाहको शरणको प्रार्थना गर्नुस् । र विशेषरूपले ती दुआहरू पढ्नुस् जुन हदीसहरूमा वर्णन गरिएका छन् जसरी !

अल्लाहुम्मा अइन्नी अला जिक्रिका वशुक्रिका वहुस्नि इबादतिका, अल्लाहुम्मा इन्नी जलम्तु नफ्सी जुल्मन् कसीरन्, वला यग्फिरुज्जुनूबा इल्ला अन्ता फग्फिरली मग्फिरतम् मिन् इन्दिका वरहमनी इन्नका अन्तल् गफूरुर्रहीम ।

अर्थ : हे अल्लाह ! आफ्नो सम्झना र आभार एवं उत्तम अराधना गर्नुको लागि मेरो सहायता गर, हे अल्लाह ! मैले आफनो जीउमाथि अति अत्याचार गरेको छु र तिमी बाहेक कोही पनि क्षमा दिनेवाला छैन, यसर्थ मलाई आफ्नो कृपाले क्षमा प्रदान गर र ममाथि दया गर निःसन्देह तिमी क्षमा प्रदान गर्नेवाला दयावान हौ ।

# पाठ १०

## नमाजका सुन्नतहरू

तीमध्ये केही निम्न हुन् !

१- नमाजलाई दुआद्वारा आरम्भ गर्नु ।

२- नमाजमा उभेको दशामा आफ्नो दायाँ हातको हत्केलीलाई देब्रे हातको हत्केलीमाथि गरी आफ्नो छातीमाथि राख्नु ।

३- पहिलो तक्बीर अथावा रुकूअ् गर्ने समय एवं रुकूअ्बाट शीश उठाउने समय, र पहिलो तशह्हुदबाट तेस्रो रक्अतको लागि उठने समय दुवै हातका औंलाहरूलाई आफ्नो काँधा वा कानको बराबरसम्म उठाउनु (उच्च गर्नु) ।

४- रुकूअ् एवं ढोगमा एक पटकभन्दा अधिक तस्बीह भन्नु ।

५- दुवै ढोगहरूको बीचमा एक पटकभन्दा अधिक क्षमाको याचना गर्नु ।

६- रुकूअ्मा टाउकोलाई आफ्नो पिठ्युँ बराबर राख्नु ।

७- ढोगमा आफ्नो दुवै बाँहलाई (पाखुरालाई) पार्श्वबाट र पेटलाई तिघ्राबाट टाढा राख्नु ।

८- ढोग गर्ने स्थानमा हेर्नु ।

९- पहिलो तशह्हुदमा (बैठकमा) र दुवै ढोगको बीचमा देब्रे पाइलालाई पसारेर त्यसैमाथि बस्नु र दायाँ पाइलाको औंलाहरूलाई भूईंमा टेकी त्यसलाई ठाढो (खडा) राख्नु ।

१०- अन्तिम तशह्हुदमा दायाँ खुट्टालाई खडा राखी देब्रे खुट्टालाई नितम्बको तलबाट पसारेर बाहिर निकाली भूईंमाथि बस्नु ।

११- पहिलो तशह्हुदमा दरुद पढनु ।

१२- अन्तिम तशह्हुदमा हदीसहरूमा वर्णित दुआहरूको पाठन गर्नु ।

१३- फज्र, मग्रिब, र इशा नमाजको पहिलो र दोस्रो रक्अतमा कुरआनको पाठन ठूलो स्वरमा गर्नु ।

१४- जोहर र अस्रका सबै रक्अतमा र मग्रिबको तेस्रो रक्अतमा र इशाका तेस्रो र चौथो रक्अतमा मसिनो स्वरमा कुरआनको पाठन गर्नु ।

१५- सूरतुल् फातिहाको साथ कुनै अरु सूरतको पनि पाठ गर्नु ...... आदि ।

उपरोक्तमा वर्णन गरिएका सुन्नतहरू बहेक जुन सुन्नतहरू पनि छन् ती सबैलाई ध्यानमा राखी नमाज कायम गर्नु अति उत्तम मानिन्छ ।

# पाठ ११

## नमाजलाई भङ्ग गर्ने कुराहरू

निम्न कुराहरूबाट नमाज भङ्ग भइहाल्छ :

१- नमाजमा जानिबुझी कुरा गर्नु, परन्तु बिर्सेर कुरा गरेमा कुनै आपत्ति छैन ।

२- नमाजमा हाँस्नु ।

३- नमाजमा खानपान गर्नु ।

४- नमाजमा पानी खानु ।

५- गुप्ताङ्ग जाहेर भइहाल्नु (दर्शित हुनु) ।

६- किब्लादेखि आर्को तर्फ मुख फर्काइदिनु ।

७- नमाजमा निरंतर अनुचित कार्य गर्नु ।

८- वजू भङ्ग हुनु ।

# पाठ १२

## वजूका शर्तहरू

१- इस्लाम (मुस्लिम हुनु)

२- बुद्धि हुनु ।

३- तमीज हुनु अर्थात विवेक हुनु ।

४- नीयत गर्नु ।

५- वजू पूर्ण नहुन्जेल यसलाई भङ्ग गर्ने नीयत नगर्नु ।

६- वजू गर्ने कारणको समाप्ति भइहाल्नु ।

७- वजूभन्दा पहिला पानी अथवा माटोबाट पवित्रता प्राप्त गर्नु ।

८- पानीको पवित्र एवं शुद्ध हुनु ।

९- ती सबै वस्तु जुन पानीलाई हाम्रो चर्म सम्म पुग्नुमा बाध्य होस् त्यसलाई पर फाल्नु ।

१०- नमाजको समय आरम्भ हुनु, तर यो शर्त मात्र त्यस व्यक्तिको लागि हो जुन सदैंव विरामी रहन्छ ।

# पाठ १३

## वजूका फर्जहरू (आधारहरू)

१- अनुहार धुनु जसमा कुल्ला गर्नु र नाकमा पानी हाल्नु पनि शम्मिलित छ ।

२- दुवै हातलाई औंलाहरूको किनारदेखि कुइनो समेत पखाल्नु ।

३- दुवै कान लगायत पूर्ण टाउकोको मसह (स्पर्श) गर्नु ।

४- गोलीगाँठ समेत दुवै खुट्टालाई धुनु ।

५- सबै कार्यहरूमा अनुक्रम हुनु ।

६- सबै कर्महरूलाई निरन्त्रताले गर्नु ।

# पाठ १४

## वजू भङ्ग गर्ने कुराहरू

१- अघिल्लो वा पछिल्लो गुप्ताङ्गबाट केही निस्कनुले वजू भंग भइहाल्छ ।

२- शरीरबाट निस्कने फोहोरबाट ।

३- अचेत हुनु, चाहे निद्राको कारण वा अरु कुनै कारणले ।

४- अघिल्लो वा पछिल्लो गुप्ताङ्गलाई बिना कुनै आवरण स्पर्श गर्नुले ।

५- ऊँटको मासु खानुले ।

६- इस्लामबाट विमुख हुनुले ।

अल्लाह हामीलाई यी सबै कुराहरूबाट बचाओस् ।

**चेतावनी** : सत्य कुरो यो हो कि मृतकको शवलाई स्नान गराउने व्यक्तिको वजू भंग हुँदैन, किनकि यसको कुनै प्रमाण हदीसहरूमा मिल्दैन, अधिकतम् धर्मविद्हरूको यो नै भनाई छ ।

तर यदि स्नान गराउने व्यक्तिको हात बिना आवरण शवको गुप्ताङ्गलाई स्पर्श गर्छ भने त्यस व्यक्तिमाथि वजू गर्नु आवश्यक भइहाल्छ । यसैकारण यो अनिवार्य छ कि शवलाई स्नान गराउने व्यक्ति बिना कुनै आवरण शवका गुप्ताङ्गहरूलाई स्पर्श नगरोस् ।

यसै प्रकार कुनै स्त्रीलाई स्पर्श गर्नुबाट वजू भंग हुँदैन, चाहे त्यो स्पर्श भोगेच्छा अथवा बिना भोगेच्छाको होस् जबसम्म कि प्रसंग वा कुनै प्रकारको पानी न निस्कोस् । किनकि सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लमले आफ्नो एउटी पत्नीलाई स्पर्श गर्नु भयो एवं चुम्बन लिनु भयो र बिना वजू गरिकन् नमाज पढ्नु भयो ।

र सूरतुल् माइदा र सूरतुन्निसामा जुन अल्लाहले भनेका छन् :

अर्थ : अथवा यदि तिमीले स्त्रीहरूलाई स्पर्श गरेका छौ ।

त यसको अर्थ विद्वानहरूको कथनानुसार संभोग र सहवास हो । जस्तोकि अब्दुल्लाह बिन अब्बास रजिअल्लाहो अन्होबाट वर्णन गरिएको छ ।

# पाठ १५

## मुसलमानहरूको लागि प्रमुख इस्लामीय शिष्टाचारहरू

१- सत्यवादिता

२- ईमानदारी

३- पवित्रता

४- लज्जा

५- वीरता

६- दयालुता

७- प्रतिज्ञा पालन

८- प्रत्येक त्यस कुरा एवं वस्तुबाट बाँच्नु जुन अल्लाहले निषेधित गरेका छन् ।

९- छिमेकीसित सुव्यवहार गर्नु ।

१०- असहायको सहायता गर्नु ।

११- ती सम्पूर्ण सदाचारका कार्यहरू गर्नु जुन कुरआन र हदीसमा वर्णित छन् ।

# पाठ १६

## इस्लामीय शिष्टाचार

१- सलाम गर्नु ।

२- एकआर्कासित भेंट्ने समय प्रसन्नता र हर्षता प्रकट गर्नु ।

३- दायाँ हातद्वारा खानपान गर्नु ।

४- घर एवं मस्जिदभित्र प्रवेश गर्ने समय, र घर एवं मस्जिदबाट निस्कने समय, र यात्रा गर्ने समय वर्णित इस्लामीय शिष्टाचारलाई अपनाउनु ।

५- मातापित, छरछिमेकी, सरसम्बन्धी, साना ठूला ...आदिको साथ इस्लामीय नियमानुसार व्यवहार गर्नु ।

६- सबैलाई शिशु जन्मेको अवसरमा बधाई दिनु ।

७- दुखी असहायसित संवेदान प्रकट गर्नु ।.... र यस बाहेक अरु सबै इस्लामीय नियम र शिष्टाचारहरूको पालना गर्नु ।

# पाठ १७

## शिर्क एवं पापबाट बाँच्नु

ती निषेधित कार्यहरूमध्ये केही निम्न हुन :

(क)

१- अल्लाहको साथ कसैलाई साझीदार ठान्नु ।

२- जादू गर्नु ।

३- कसैको नाहक हत्या गर्नु जसलाई अल्लाहले वर्जित गरेको छ ।

४- अनाथको धन अमानवीय तरिकाले खानु ।

५- सुद व्याज खानु ।

६- रणभूमिबाट पिठ्यूँ फर्काई भाग्नु ।

७- सचरित्र आस्थावान स्त्रीमाथि दोषारोपण गर्नु ।

(ख)

१- मातापितको आवज्ञा गर्नु ।

२- सज्जन व्यक्तिसित दुराचार गर्नु ।

३- झुटो साक्ष्य बस्नु ।

४- झुटो शपथ खानु ।

५- छरछिमेकीलाई कष्ट दिएर हैरान पार्नु ।

६- धन, ज्यान र प्रतिष्ठाको लागि सर्वसाधारणमाथि अत्याचार गर्नु ।

उपरोक्तका पापहरू बाहेक ती सबै पापहरूबाट बाँच्नु जरुरी छ जसबाट अल्लाह र अल्लाहका रसूलले मिनाही गरेका छन् ।

# पाठ १८

## जनाजाको नमाजको तरिका

अर्थात मृतक शवमाथि पढिने नमाजको विवरण

१- जब कसैको मृत्युको विश्वास भइजाओस् त त्यस मृतकको आँखा बन्द गरिदिनुस् र आवश्यक परेमा मुखका दुवै जबडा (तल र माथिको भाग जसमा दाँत हुन्छ) लाई बाँधियोस् ।

२- शवलाई स्नान गराउने समय शवको गुप्ताङ्गलाई ढाँकिदिनु, अनि शवलाई अलि उठाएर त्यसको पेटलाई विस्तारै थिच्नुस् फेरि स्नान गराउने व्यक्ति आफ्नो हातमा लुगा अथवा त्यसै जस्तो कुनै वस्तु लगाएर शवको फोहोरलाई सफा गरोस्, अनि नमाज झैं वजू गराओस् ।

अनि त्यसको कपाल र दाह्रीलाई बयर वा उसै जस्तो अरु कुनै वस्तुले पानीद्वारा पखालोस् अनि शवको दायाँ र देब्रे भागलाई धोओस् , र यसै प्रकार दोस्रो र तेस्रो पटक पनि गरोस् । र प्रत्येक चोटि शवको पेटलाई अलि दबाओस् त यदि कुनै वस्तु

निस्कन्छ भने त्यसलाई सफा गरोस् । र त्यसभागमा रुई आदि राखिदिओस् यदि फोहोरता नरुकोस् । अथवा माटो वा आदि कुनै औषधीय साधनद्वारा पनि रोक्न सकिन्छ । फेरि शवलाई दोस्रो पटक वजू गराओस् । र यदि त्यो तीन पटकमा पवित्र हुँदैन भने पाँच वा सात पटक त्यही क्रम गर्नुपर्छ । अनि त्यसको घुंडा एवं निधारमा सुगन्धको प्रयोग गरोस्, र यदि समस्त शरीरमाथि सुगन्धको प्रयोग गराइन्छ भने झन् राम्रो छ, र यस्तै शवको कफनलाई पनि सुगन्धित धुनी दिनु राम्रो कुरो हो । र यदि शवका मूंछ र नङ्गहरू लमो छन् भने त्यसलाई काट्नुस् परन्तु कपाललाई नकोर्नु, र यदि शव स्त्रीको हो भने त्यसको कपालको तीन लट (चोटि) बनाएर पछाडि गरिदिनु पर्छ ।

## शवलाई कफन दिनु :

उत्तम यो छ कि पुरुष मृतकलाई तीनवटा सेतो च्यादरमा कफ्नाइयोस् । जसमध्ये कमिज र पगडी हुँदैन । शवलाई ती च्यादरहरूले राम्ररी ढाँक्नु तर

यदि कमीस (कमिज) च्यादर र लुंगीमा कफनाइन्छ भने कुनै आपत्ति छैन ।

र स्त्रीहरूलाई पाँचवटा सेतो कपडा ( कुर्ता, चुन्नी, लुंगी र दुईवटा च्यादर ) मा कफ्नाइन्छ । र सानो बालकलाई एकदेखि तीनलुगामा कफ्नाउन सकिन्छ । र सानो बालिकालाई एउटा कमिज र दुईटा च्यादरमा कफ्नाउन सकिन्छ ।

र शवलाई स्नान गराउनु, नमाजे जनाजाको नमाज पढाउनु, र त्यसको कफ्न दफ्नको सबैभन्दा अधिक अधिकारी त्यो व्यक्ति हुन्छ जसको हकमा मृतकले इच्छापात्र छाडेको होस्, तत्पश्चात पिता अनि बाजे अनि त्यसका निकट्तम सम्बन्धीहरू ।

र स्त्रीको शवलाई स्नान गराउने सबैभन्दा अधिक हकदार त्यो स्त्री हुनेछे जसको हकमा मृतक स्त्रीले वसीयत गरेको होस्, तत्पश्चात त्यसकी आमा अनि निकट्तम् आफन्तीहरू ।

र पति र पत्नी एकआर्कालाई स्नान गराउन सक्छन् जस्तोकि अबू बक्र रजिअल्लाहो अन्होलाई उहाँकी पत्नीले स्नान गराउनु भएको थियो । र हजरत अली

रजिअल्लाहो अन्होले आफ्नी स्वास्नी हजरत फातिमालाई स्नान गराउनु भएको थियो ।

## नमाजे जनाजाको तरिका

इब्ने अब्बास रजिअल्लाहो अन्होद्वारा वर्णन गरिएको सही हदीस अनुसार नमाजे जनाजामा चारवटा तक्बीर भनिन्छ । प्रथम तक्बीर पश्चात सूरतुल् फातिहाको पाठन गर्नु र कुनै अरु सानो तीनो सूरतलाई पनि पढनु अति उत्तम हो ।[1]

अनि दोस्रो तक्बीर पश्चात दरूद पढनु, र तेस्रो तक्बीर पश्चात यो दुआ पढनुस्: "अल्लाहुम्मागफिर लेहैयिना वमैयितिना वशाहिदिना वगायिबिना वसगीरिना वकबीरिना वजक्रिना वउन्साना, अल्लाहुम्मा मन् अहयैयतहु मिन्ना फअहयिही अलल्

[1] तर अल्लामा अल्बानीले मात्र सूरतुल् फातिहालाई नै पढनु हदीसहरूबाट सिद्ध गरेका छन् यसलेगर्दा प्रथम तक्बीर पश्तचात मात्र सूरतुल् फतिहाको पाढन गर्नु नै उचित देखिन्छ । (अनुवादक)

इस्लाम, वमन् तवफ्फैतहु मिन्ना फतवफ्फहु अलल् ईमान, अल्लाहुमग्फिरलहु वरहमहु वआफिही वअ्फु अन्हु वअक्रिम नुजुलहु ववस्सेअ् मदखलहु वग्सिलहु बिलमाइ वस्सलजि वलब्रद, वनक्किही मनिज्जुनूबी वल्खताया कमा युनक्कस्सौबुल् अब्यजु मिनद्दनसि वअब्दिलहु दारन् खैरन् मिन् दारिही, वअहलन् खैरन् मिन् अहलिही, वअदखिल्हुल् जन्नता वअइज्हु मिन अजाबिल् कब्रि वअजाबिन्नार, वअफ्सिहलहु फी कब्रिही वनव्विरलहु फीह, अल्लाहुम्मा ला तह्रिम्ना अजरहु वला तुजिल्लना बअ्दह " ।

अर्थ : हे अल्लाह ! हाम्रा जीवितहरू र मृतकहरू, र हाम्रा उपस्थितहरू र अनुपस्थितहरू, हाम्रा साना र ठूलाहरू, र हाम्रा पुरुष र महिलाहरूलाई क्षमा गर । हे अल्लाह ! हामीमध्ये जसलाई पनि जीवित राख इस्लाममाथि जीवित राख, र जसलाई मृत्यु प्रदान गर ईमान र आस्थामा मृत्यु प्रदान गर । हे अल्लाह ! उसलाई क्षमा प्रदान गर र उसमाथि दया गर, र उसलाई शान्ति प्रदान गर र उसलाई क्षमागरी राम्रो अतिथि सत्कार गर, यसको चिहानलाई फराकीलो र

विस्तृत गरिदेऊ, र उसलाई पानी बरफ र असिनाबाट स्वछ पार, र उसका पाप र अशुद्धिहरूलाई पवित्र गरिदेऊ जसरी सेतो लुगा फोहोरबाट पवित्र एवं स्वच्छ गरिन्छ । र उसलाई घरको सट्टा राम्रो घर र परिवारको सट्टा राम्रो परिवार प्रदान गर, र उसलाई स्वर्गमा स्थान प्रदान गर, र उसलाई चिहान एवं नर्कको कष्ट एवं दण्डबाट बचाऊ, उसको चिहानलाई विस्तृत र प्रकाशमान बनाइदेऊ । हे अल्लाह ! हामीलाई त्यसको पुण्यबाट वंचित नगर, र उसको मृत्यु पश्चात हामीलाई पथभ्रमित नबनाउनु ।

अनि चौथो तक्बीर भनोस् र आफ्नो दायाँतर्फ एउटा सलाम फेरोस् ।

र उत्तम यो छ कि प्रत्येक तक्बीरको साथ आफ्नो दुवै हात उठाओस् । र यदि स्त्रीको शव (जनाजा) होस् त यो भनोस्: "अल्लाहुम्मग्फिरलहा" र यदि दुई शव होस् त भनोस्: " अल्लाहुम्मग्फिरलहुमा " र यदि दुईभन्दा अधिक शव छन् त भनोस्: "अल्लाहुम्मग्फिरहुम" र यदि शव सानो बालकको होस् त भनोस्: " अल्लाहुम्मज्अलहु फरतौंवजुख्रन्

लिवालिदैहि वशफीअन् मुजाब्, अल्लाहुम्मा सक्किलबिही मवाजीनिहिमा वअअ्जिम बिही उजूरहुमा वअल्हिक्हु बिसालिहील् मूमिनीन्, वजअल्हु फी किफालति इब्राहीम अलैहिस्सलाम, वकिही बिरह्मतिका अजाबल् जहीम " ।

अर्थ : हे अल्लाह ! उसलाई अग्रगामी र उसका मातापिताको लागि राम्रो सम्पत्ति बनाइदेऊ, र यस्तो अभिसतावित (सिफारिशी) बनाऊ जसको अभिसतावलाई स्वीकार गरिसकिएको छ। र उसको कारण उसको मातापिताको पुण्यको तुलालाई गरुङ्गो (ठूलो) गरिदेऊ, र उनको पुण्यलाई बढाइदेऊ, र उनीहरूलाई सत्यवादी आस्थावानहरूको समूहमा शम्मिलित गरिदेऊ । र उसलाई इब्राहीम अलैहिस्सलामको शरणमा गरिदेऊ, र उसलाई आफ्नो कृपाले नर्कको कष्टबाट मुक्ति प्रदान गर ।

र सुन्नत यो हो कि इमाम शवको टाउकोको बराबरमा उभोस् यदि शव पुरुषको होस्, तर यदि शव महिलाको होस् भने शवको बीचमा उभोस् । यदि धेरै शवहरू छन् भने पुरुषहरूको शवलाई इमामको नजिक र स्त्रीहरूको शवलाई किब्लाको

तर्फ, र यदि बच्चाहरूको शव पनि छ भने उनका शवहरूलाई स्त्रीहरूको शवभन्दा पहिला राख्नुपर्छ। तर बच्चाहरूको टाउको पुरुषहरूको टाउकोको बराबर होस्, यस्तै बालिकाहरूका टाउकोहरू स्त्रीहरूको शीष बराबर रहोस्, तर स्त्रीहरूको कम्मर पुरुषहरूको बराबर हुनुपर्छ। त यसैगरी सबै नमाज पढनेहरू इमामको पछाडि पंक्ति बनाई उभ्नुपर्छ। तर यदि नमाजी मात्र एउटै छ अथवा एउटा नमाजीलाई इमाम पछाडि स्थान मिलेन भने त्यो इमामको दायाँतर्फ उभ्न सक्छ।

मृतकलाई दफ्नाउने तरिका: वैधानिक त यो छ कि चिहान कम्मर जति गहिरो बनाइयोस्, र लहद [1] चिहान बनाउनु अति उत्तम मानिन्छ जसलाई चिहानको किब्लातिरको पर्खालमा बनाइन्छ, अनि मृतक शवलाई दायाँ कोल्टे त्यसमा राखियोस्, र

[1] **लहद चिहान:** यो चिहान बनाउने तरिका यो हो कि कम्तीमा एक मीटर सीधा खोदाई गरे पश्चात चिहानको किब्लातर्फ भएको पर्खालमा मृतकको मापभन्दा अलि बढी खोदाई गर्नु र यति चौडा गराउनु कि मृतकको शव राम्ररी त्यसमा समाओस्, अनि त्यसमा मृतकलाई किब्लातर्फ अनुहार गराई राखेर त्यसको पर्खाल ईंट वा काठको पटरीले बनाइयोस्। (अनुवादक)

त्यसका कफनका बन्धनहरूलाई फुकालियोस्, र त्यसलाई झिकेर निकाल्नु पर्दैन, बरु त्यस्तै छाडियोस्, र मृतकको अनुहार नखोलियोस् चाहे मृतक पुरुष होस् वा स्त्री ।

अनि त्यसलाई ईंटहरूद्वारा बन्द गरियोस् र गिलो माटो (गारा) द्वारा ती ईइंटहरूलाई यसरी स्थापित गरियोस् कि त्यसमा माटो नपस्न सकोस् । तर यदि ईंट उपलब्ध नहोस् भने काठको पाटी वा ढुँगा वा दाउरा आदिद्वारा त्यसलाई बन्द गरियोस्, जुनकि त्यसमा माटो पस्नुबाट रोकोस्, अनि त्यसमाथि माटो हालियोस् । र माटो हाल्दा यो भन्नु सुन्नत हो "बिस्मिल्लाहे वअला मिल्लति रसूलिल्लाह" अर्थात: अल्लाहको नामबाट र रसूल सल्लल्लाहो अलैहे वसल्लमको धर्मानुसार । र चिहानलाई एक बित्ता जति उच्च गरियोस्, र त्यसमाथि ससाना ढुँगाहरू राखेर त्यसमाथि पानीको छिड्काव गरियोस् ।

र जति मानिसहरू त्यस जनाजामा सहभागी भएका छन् तिनीहरूको लागि उचित यो छ कि अब आफ्नो भाइको लागि त्यसको चिहानको छेउमा

उभेर अल्लाहसित याचना गरुन्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लम मृतकलाई दफ्नाए पश्चात त्यता उभेर भन्ने गर्थे:

अर्थ : आफ्नो भाईको लागि दयाको याचना गर, र त्यसको स्थिरताको लागि दुआ गर किनकि अहिले त्यससित प्रश्न गरिनेछ ।

र वैधानिक यो छ कि जसले त्यसको जनाजाको नमाज पढेको छैन त्यो त्यसको कफनदफन पश्चात पनि त्यसको जनाजाको नमाज पढन सक्छ, किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले यस्तो गरेका छन्, तर यसको लागि शर्त यो छ कि यो नमाज मृतकको दफनक्रमको एक महिनाभित्र नै पढियोस् । तर एक महिनाभन्दा अधिक अवधि बितिसकेको अवस्थामा त्यसको चिहानमाथि जनाजाको नमाज पढनु सही छैन किनकि रसूल सल्लल्लाहो अलैहे वसल्लमले एक महिना पश्चात कुनै मृतकमाथि जनाजाको नमाज पढेका छैनन् ।

र मृतकका परिवारको लागि यो जायज छैन कि मानिसहरूको लागि खाना तयार पारुन्, किनकि

सर्वसम्म्मानित एवं प्रतिष्ठित सहाबी हजरत जरीर बिन अब्दुल्लाह अल् बजली रजिअल्लाहो अन्होको वर्णन छ कि: “हामी मृतकको घरमा भेला हुनुलाई र त्यसलाई दफ्नाए पश्चात खानाको प्रबन्ध गर्नुलाई नौहा (शोक) मध्येको मान्दथें” । (यसलाई इमाम अहमदले विश्वासनीय सनदद्वारा वर्णन गरेका छन्)

तर मृतकका परिवारको लागि र त्यसका अतिथिहरूको लागि खानाको प्रबन्ध गर्नु राम्रो कुरो हो, यसर्थ त्यसका छरछिमेकी र आफन्तीहरूको लागि वैधानिक यो छ कि मृतकको परिवारको लागि खानाको प्रबन्ध गरुन्, किनकि जब शाम राज्यमा भएका हजरत जअफरको निधनको खबर रसूल सल्लल्लाहो अलैहे वसल्लमलाई प्राप्त भयो त उहाँले आफ्नो जहानलाई यो आदेश गर्नु भयो कि उनका परिवारहरूको लागि खाना तयार गरुन्, र भन्नु भयो:

अर्थ : उनीलाई यस्तो विपत्ति आइलागेको छ जसले उनीलाई यसबाट निस्पृह र बेवास्ता गरिदिएको छ ।

र मृतकका परिवारको लागि यस कुरामा कुनै आपत्ति छैन कि उनीकहाँ आएको खानामा आफ्नो छरछिमेकी र अन्य मानिसहरूलाई शामेल गरुन्, र मेरो ज्ञानानुसार यस कार्यको लागि विधानमा कुनै समयसीमा तोकिएको छैन ।

कुनै महिलाको लागि यो वैधानिक छैन कि आफ्नो लोग्ने बाहेक कुनै अरु मृतकमाथि तीन दिनभन्दा अधिक शोक मनाओस्, हो यदि मृतक त्यसको लोग्ने हो भने त्यो त्यसको शोक चार महिना दश दिन मनाओस् । तर यदि त्यो गर्भवती छे भने त्यो मात्र बच्चा जन्मिनुसम्म शोक मनाउन सक्छे र बच्चा जन्मे बित्तिकै त्यसको शोकको अवधि समाप्त भइहाल्छ, किनकि यस विषयमा रसूल सल्लल्लाहो अलैहे वसल्लमबाट सही हदीसहरू प्रमाणित छन् ।

र पुरुषमान्छेको लागि यो वैधानिक छैन कि त्यो आफ्नो कुनै आफन्ती वा अरु कसैको मृत्युमाथि शोक मनाओस् ।

र पुरुषमान्छेको लागि केही समयको अन्तरालले कब्रस्तानको जियारत गर्नु वैधानिक छ, ताकि

उनीहरूको लागि अल्लाहसित दुआ गरोस् उनीहरूमाथि दया गर्ने उद्देश्यले, र मृत्यु र त्यस पश्चात घटित हुने घटनाहरूलाई स्मरण गरोस्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमको फर्मान छः

अर्थ : चिहानहरूको जियारत गर्दैगर किनकि यो तिमीलाई मृत्युको स्मरण गराउँछ। (यसलाई इमाम मुस्लिमले आफ्नो सही मुस्लिममा वर्णन गरेका छन्)

र रसूल सल्लल्लाहो अलैहे वसल्लम आफ्ना साथीहरूलाई यो सिकाउँथे कि जब उनीहरू कब्रस्तानको जियारत गरुन् त भनुन्: " अस्सलामु अलैकुम अहलद्दियारि मिनल् मुमिनीना वल् मुमिनात, वइन्ना इन्शाअल्लाहु ललाहिकून, अस्अलुल्लाहा लना वलकुमुल् आफीयह यरहमुल्लाहुल् मुस्तक्देमीना मिन्ना वल् मुस्तअ्खेरीन" (मुस्लिम)

अर्थात: हे आस्थावान पुरुष र महिलाहरू तिमीहरूमाथि अल्लाहको प्रशान्ति अवतरित होस्, र

हामीहरू पनि अल्लाहले चाहेको समयमा तिमीहरूसित आएर मिल्ने छौं, म हामीहरू र तिमीहरूको लागि अल्लाहसित शान्ति र मुक्तिको याचना गर्दछु । अल्लाह हामीमध्ये पहिला र पछि आएका सबैलाई क्षमा प्रदान गरुन् ।

तर महिलाहरूको लागि यो वैधानिक छैन कि उनी चिहानहरूको जियारत गरुन्, किनकि नबी सल्लल्लाहो अलैहे वसल्लमले चिाहनहरूको जियारत गर्ने महिलाहरूलाई धिक्कृत गरेका छन् । र यो कुरो पनि छ कि उनीहरूले जियारत गरेमा यो भय छ कि उनीहरूको कारण उपद्रवको सृजना होस्, वा उनीहरू संतोष गर्न नसकुन् । र यस्तै महिलाहरूको लागि यो पनि वैधानिक छैन कि उनीहरू मृतक शवको पछिपछि आउन् किनकि यसबाट पनि रसूल सल्लल्लाहो अलैहे वसल्लमले उनीहरूलाई रोकेका छन् ।

तर यदि जनाजको नमाज मस्जिदमा वा मुसल्लामा (नमाज आयोजित गर्नुको लागि मस्जिद बाहेक बनाइएको ठाउँ) पढिन्छ भने यसलाई पढनु महिला पुरुष सबैको लागि वैधानिक छ ।

र यस विषयमा यति कुराहरू जम्मा गर्नु नै मेरो लागि अहिले सम्भव भएको छ ।

र सम्पूर्ण प्रशंसाहरू अल्लाहकै लागि छन्, र सलाम होस् अल्लाहका अन्तिम सन्देष्टा मुहम्मद सल्लल्लाहो अलैहे वसल्लममाथि र उहाँका घरपरिवार र समस्त साथी एवं समस्त अनुयायीहरूमाथि ।
अन्त्यमा मेरो अल्लाहसित यो विन्ती छ कि अल्लाह हामी सबैलाई यस बहुमूल्य किताबद्वारा सत्मार्गलाई अपनाउनुको सुअवसर प्रदान गरोस्, र हाम्रा विगतका पापहरूलाई क्षमादान दिई स्वर्गमा प्रवेश गर्ने भाग्यवानहरूमध्येको बनाइदेओस् ( आमीन) ।

अनुवादक

अतीकुर्रहमान मुहम्मद इदरीस खान मक्की

कपिलवस्तु नगरपालिका वार्ड नं. ९ महुवा

तौलिहवा कपिलवस्तु (नेपाल)

email- atiqkhannp1982@yahoo.com

सम्पर्क नं. ००९७७९८१४४९९१४०

सउदी मो. न. ००९६६५०१३७२२५४

# विषय सूची



| क्र. सं. | शीर्षकहरू | पृष्ठ |
|---|---|---|
| 1 | प्रस्तावना | 2 |
| 2 | पाठ १ | 5 |
| 3 | पाठ २ | 5 |
| 4 | पाठ ३ | 7 |
| 5 | पाठ ४ | 8 |
| 6 | पाठ ५ | 15 |
| 7 | पाठ ६ | 16 |
| 8 | पाठ ७ | 17 |
| 9 | पाठ ८ | 19 |
| 10 | पाठ ९ | 20 |
| 11 | पाठ १० | 22 |
| 12 | पाठ ११ | 25 |
| 13 | पाठ १२ | 26 |
| 14 | पाठ १३ | 28 |
| 15 | पाठ १४ | 29 |
| 16 | पाठ १५ | 32 |

| | | |
|---|---|---|
| 17 | पाठ १६ | **34** |
| 18 | पाठ १७ | **35** |
| 19 | पाठ १८ | **37** |